# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०१।१६ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको।**

जिल्ला काठमाण्डौ बुढानिलकण्ठ नगरपालिकाको कार्यालयका अमिन सुमन श्रेष्ठ र कार्यालय सहयोगी सुरेश श्रेष्ठ समेतले ऐ.नगरपालिका खड्गभद्रकाली बस्ने सेवाग्राहीले घर निर्माण सम्पन्न कागज बनाईदिने प्रयोजनार्थ निबेदन दिएकोमा कानुन बमोजिम गर्नु पर्ने काम नगरी अख्तियारको दुरुपयोग गरी सेवाग्राहीसंग गैर कानुनी रुपमा घुस रकम माग गरी रु.२,००,०००।- (अक्षरुपी दुई लाख ) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको देखिन आएको साथै निज कार्यालय सहयोगी सुरेश श्रेष्ठ र ऐ नगरपालिका ७ र ८ नं. वडा कार्यालयका कार्यालय सहायक सरोज खत्रीले सेवाग्राहीसंग करको काम मिलाई दिने भनि घुस रकम माग गरी रु १,३६,४३९।– (अक्षरुपी एक लाख छत्तिस हजार चार सय उनान्चालीस रुपैंया ) घुस रकम लिएको भन्ने अनुसन्धानबाट पुष्टी हुन आएकोले उक्त कार्यमा संलग्न अमिन सुमन श्रेष्ठ लाई बिगो रु २,००,०००।– (अक्षरुपी दुई लाख ) , कार्यालय सहयोगी सुरेश श्रेष्ठ लाई बिगो रु. ३,३६,४३९।– (अक्षरुपी तिन लाख छत्तिस हजार चार सय उनान्चालीस) र कार्यालय सहायक सरोज खत्रीलाई बिगो रु १,३६,४३९।- (अक्षरुपी एक लाख छत्तिस हजार चार सय उनान्चालीस) कायम गरी सोही ऐनको दफा ३(१) र ३(१) (घ) बमोजिम हदै सम्मको दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता